दमक नगरपालिका,झापा

# स्थानीय राजपत्र


| | |
|---|---|
| **वर्ष**: | **प्रमाणीकरण मिति**: २०८०।८।७ |
| **संख्या**: | **प्रकाशन मिति**: |


प्रस्तावनाः जेष्ठ नागरिकहरुलाई संरक्षण र सामाजिक सुरक्षा प्रदान गर्न तथा निजहरुमा रहेको ज्ञान, सिप,क्षमता र अनुभवको सदुपयोग गरी निजहरु प्रति श्रद्धा, आदर तथा सद्भाव अभिवृद्धि गर्नुका साथै राज्यद्धारा तोकिएको सेवा एवं सुविधाको उचित व्यवस्थापन गर्न बाञ्छनिय भएकाले,

दमक नगर प्रशासकीय कार्यविधि ऐन २०७६ को दफा ३ को उपदफा १ बमोजिम नगर कार्यपालिकाले कार्यविधि बनाएको छ।

१. संक्षिप्त नाम र प्रारम्भः- १) यो कार्यविधिको नाम **ज्येष्ठ नागरिक परिचय पत्र वितरण कार्यविधि २०८०** रहनेछ

२)यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषाः-** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

क) ऐन भन्नाले ज्येष्ठ नागरिक सम्बन्धी ऐन २०६३ सम्झनु पर्छ।

ख) नगरपालिका भन्नाले दमक नगरपालिकालाई सम्झनु पर्छ।

३. **परिचय पत्र वितरणका आधारः-** नेपालको संविधानको धारा ४१ मा उल्लेख भए बमोजिम ज्येष्ठ नागरिकको हक, ज्येष्ठ नागरिक सम्बन्धी नियमावली २०६५ को नियम १५ अनुसार ज्येष्ठ नागरिकहरुलाई परिचय पत्र वितरणका आधार हुनेछ।

४. **उद्देश्यः-** १) ज्येष्ठ नागरिकहरुको लगत राखी परिचय पत्र वितरण गर्ने,

२) नेपालको संविधान अनुसार प्रदत ज्येष्ठ नागरिकहरुको हक अधिकार सुनिश्चित गर्न र ज्येष्ठ नागरिकको वर्गीकरण अनुसार सार्वजनिक सवारी साधन, सर्वाजनिक कार्य, स्वास्थ्य सेवा, धार्मिक तथा सार्वजनिक स्थलमा ज्येष्ठ नागरिकलाई आवश्यक सेवा, सुविधा र सहयोग सरल रुपमा प्रदान गर्ने,

३) प्रचलित ऐन, नियमअनुसार ज्येष्ठ नागरिकहरुलाई सामाजिक सुरक्षा, न्याय, अधिकार र समानता प्रदान गरी निजहरुमा रहेको ज्ञान, सीप,

क्षमता र अनुभवको सदुपयोग गरी विकास प्रकृयामा सहभागी गराउने।

५. **लक्षित वर्गः-** ज्येष्ठ नागरिक सम्बन्धी ऐन,२०६३ ले परिभाषित गरे अनुसार ६० वर्ष उमेर पुरा गरेका सबै नेपाली नागरिकहरु।

६. **ज्येष्ठ नागरिकको वर्गिकरणः- दमक नगर भित्रमा बसोबास गर्ने** ज्येष्ठ नागरिकहरुको देहायबमोजिम वर्गीकरण गरि परिचय पत्र वितरण गरिएको छः

१) सत्तरी वर्ष उमेर पूरा नगरेको ज्येष्ठ नागरिक,

२) सत्तरी वर्ष उमेर पूरा गरेको वरिष्ठ ज्येष्ठ नागरिक,

७. **परिचय पत्र वितरणका मापदण्डः**- ज्येष्ठ नागरिक सम्बन्धी नियमावली २०६५ को नियम १५ बमोजिम साठी बर्ष उमेर पुगेको नेपाली नागरिकलाई मात्र ज्येष्ठ नागरिक परिचय पत्र प्रदान गर्न सकिनेछ।

८. **परिचय पत्र वितरण प्रकृयाः**-१) ज्येष्ठ नागरिक परिचय पत्र प्राप्त गर्न ६० वर्ष उमेर पुगेको ज्येष्ठ नागरिक स्वयम वा निजको संरक्षकले प्रमुख प्रशासकिय अधिकृत समक्ष **अनुसूची १** को ढाँचामा निवेदन दिनु पर्नेछ।

२) निवेदनमा आफ्नो उमेर खुलेको नागरिकताको प्रमाण पत्रको प्रतिलिपि र दुई प्रति अटो साईजको फोटो संलग्न

हुनुपर्नेछ। यस प्रयोजनका लागि नागरिकताको प्रमाण पत्र लाई आधार मानिनेछ।

३) ज्येष्ठ नागरिक परिचय-पत्र प्रदान गर्ने अधिकारी प्रमुख प्रशासकिय अधिकृत वा निजले तोकेको अधिकृत हुनेछ।

४) परिचय-पत्र प्राप्त ज्येष्ठ नागरिकहरुको लगत **अनुसूची २** बमोजिम नगरपालिकामा राखी बार्षिक रुपमा प्रदेश र संघको सम्बन्धित मन्त्रालयमा जानकारी गराउनु पर्नेछ।

५) ज्येष्ठ नागरिक परिचय पत्रको प्रतिलिपि लिन सम्बन्धित वडाको सिफारीस सहित नगरपालिकामा निवेदन पेस गर्नु पर्नेछ।

९. **ज्येष्ठ नागरिक परिचय पत्रको ढाँचाः-१**)ज्येष्ठ नागरिक परिचय पत्रको ढाँचा**अनुसुची ३** बमोजिमको हुनेछ।

**२**)ज्येष्ठ नागरिक परिचय पत्रको आकार नेपाली नागरिकताको प्रमाण पत्रको आकार बराबरको हुनेछ।

१०. **विविधः-** १)ज्येष्ठ नागरिक परिचय पत्र वितरण सम्बन्धमा माथि उल्लेखित व्यवस्था बाहेक प्रचिलित कानुनको अधीनमा रही प्रमुख प्रशासकिय अधिकृतले निर्णय गरे बमोजिम हुनेछ

२)

११. **बचाउ तथा खारेजीः**- यस भन्दा अघि नगरपालिकाबाट ज्येष्ठ नागरिक परिचय पत्र वितरण सम्बन्धी भए गरेका कार्य यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ।

अनुसूची १

नियम ८ को उपनियम १ सँग सम्बन्धित

निवेदनको ढाँचा

**मितिः**

श्रीमान प्रमुख प्रशासकिय अधिकृत ज्यू

दमक नगरपालिका

विषयः- ज्येष्ठ नागरिक परिचय पत्र पाँउ भन्ने बारेमा।

उपरोक्त सम्बन्धमा म यस नगरको स्थाई बासिन्दा भई ६० बर्ष उमेर पुरा भएकाले मेलै पाउने ज्येष्ठ नगरिक परिचय पत्र पाँउ भनि तपसलिका विवरणहरु भरि निवेदन गर्दछु।

१. जेष्ठ नागरिकको व्यक्तिगत विवरण

क) जेष्ठ नागरिकको नाम, थर..........................-........................

ख) पति पत्नि को नाम,-

ग) जन्म मिति र स्थानः-................................

घ) ठेगानाः- झापा जिल्ला दमक नगरपालिका वडा नं.....................
सम्पर्क........ लिंगः-

ङ) नगरिकता प्रमाणपत्र जारी जिल्ला र जारी मितिः-

च) शैक्षिक योग्यताः-

छ) पेशागत दक्षताः-

ज) अनुभवको क्षेत्रः-

निवेदक

हस्ताक्षरः..............

नामः ........................

ठेगानाः......................

सम्पर्क नं–................

# अनुसुचि २

## नियम ८ को उपनियम ४ सँग सम्बन्धित

## ज्येष्ठ नागरिकको  परिचय पत्र अभिलेख विवरण ढाँचा

| क्र स | दर्ता नं. / मिति | ज्येष्ठ नागरिक परिचय पत्र नं. | नाम, थर | जन्म मिति | बुवा/ आमाको नाम,थर | बाजेको नाम, थर | पति/पत्नि को नाम थर | संरक्षक को नाम थर | ठेगना सम्पर्क नं. | ना.प्र.प.नं तथा जारी मिति र जिल्ला | सम्बन्धि व्यक्तिको दस्तखत | फोटो | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |

अनुसुचि ३

नियम ९उपनियम १ सँग सम्बन्धित

परिचय पत्र ढाँचा

दमक नगरपालिका

दमक नगरकार्यापालिकाको कार्यालय

दमक, झापा

कोशी प्रदेश ,नेपाल

परिचय पत्र नं...........

## ज्येष्ठ नागरिक परिचय-पत्र

नाम थरः-...........................

ना.प्र.प.नं. .......... जारी मिति..................... जिल्ला..................

वडा नं. ................ टोल................

जन्म मिति....................... उमेर..........................

लिङ्ग.....................

जेष्ठ नागरिकको वर्गिकरणः ...............

पति / पत्नीको नाम...............................

हेरचाह केन्द्रमा बसेको भए सोको विवरण...........................

सम्पर्क................................ रक्तसमुह र रोग भएमा सोको विवरण,सेवन गरिरहेको औषधीको नाम............................

Damak municipality, Jhapa Nepal issued Senior Citizen ID card with following details Senior Citizen Id:…………………………………………………………………………………………………………………

Full Name ……………………………………………………………………………………………………

Address:……………………………………………………………………………………………………….

Date of Birth A.D……………………………………. Sex

Citizenship no……………………………………… Date of Issue………………………………

| दाँया | बाँया |
|---|---|
| | |

प्रमाणित गर्ने अधिकृतको

दस्तदतः……………….

नाम थरः-…………….

पदः- ………………..

जारी मितिः- …………….

यो परिचय पत्र फेला पारेमा नजिकको प्रहरी कार्यालय वा दमक नगरपालिकामा बुझाई दिनु होला ।

**आज्ञाले**

**गणेशराज कार्की**

**प्रमुख प्रशासकिय अधिकृत**